# 『बच्चाहरुको शिक्षा　प्राथमिक बिध्यालयको बिधार्थीका अविभावकहरुले घरमा गर्न सक्ने कुराहरु』


विदेशी बच्चाहरुका लागिको सहयोगी समुह

（गाइकोकु जिन नो कोदोमो ・सापोतो नो खाइ）

http://kodomosupport.jimdo.com/

田　所　希衣子 तादोकोरो किइको（Tadokoro Kiiko）

tadokoro12@yahoo.co.jp


सबै व्यक्तिहरुले के गर्दै हुनुहुन्छ होला ？ मिलेर सोचौं ।



## ①　「भाषा」 को बारेमा

बच्चाहरु, घरबाट बाहिर निस्किए पछि, जापानिज भाषामा मात्र दिन बिताउछन ।
घर भित्र बुवा-आमाको भाषामा कुरा गरेर, मातृभाषालाइ बिर्सन नदिऔं । यसो गर्दा बच्चाहरुले, मातृभाषा पनि सिकिरहेका हुन्छन । बुवा-आमाहरुले आफ्ना बच्चाहरुलाइ आफ्नो भाषामा महत्वपूर्ण कुराहरु बताउन सक्दछन । त्यसैगरी, आफ्नो देश फर्कदा बच्चाहरुले आफन्त या साथीहरुसँग कुराकानी गर्न सक्दछन । बच्चाहरुले, आफ्ना बुवा-आमा हुर्केको संस्कार तथा संस्कृतिको बारेमा जान्न सक्दछन । दुइवटा भाषा तथा संस्कृतिको जान्ने कुरा चाहिँ, दुइवटा झोला बोके जस्तै हो ।





नयाँ भाषा सम्झने बेलामा, उक्त भाषा तथा शब्दको अवधारणा जान्ने कुरा महत्वपूर्ण हुन्छ ।

मातृभाषामा शब्दहरुको अवधारणा थाहा भए जापानिज बुझ्न सजिलो हुन्छ

मातृभाषा　　जापानिज भाषा

तातो ⇔ चिसो　　あつい⇔さむい



शब्दहरुको अवधारणा

**नयाँ शब्दहरु सम्झनको लागि, त्यस शब्दको अवधारणा थाहा पाउनु महत्वपूर्ण हुन्छ**

मातृभाषा　　जापानिज भाषा

फुल　　はな



वनस्पतिले जराबाट पानि सोसेर लिन्छ

सुन्दर रंग　मिठो बास्ना

किराहरुले परागसेचन गराउदछ बिउले बिरुवा उमार्दछ

## ② नियमित दिनचर्याको बारेमा

स्कुलका शिक्षकहरुले "नियमित दिनचर्या गर्ने गर्नुहोस" भनेर भन्नुहुन्छ ।

यो उमेर, बच्चाहरुको लागि स्वस्थ शरीर तथा मनले हुर्कने समय हो । विशेष रुपमा, घर बाहिर बिभिन्न तनाबहरु महसुस गरेका बच्चाहरु जब घर फर्कन्छन उनीहरुले परिवारसँग रमाइलो बातावरणमा खाना खाएर, राम्रोसँग सुतेर, मन र शरीर लाई आराम दिएमा, अर्को दिन फुर्तिलोसँग स्कुल जान सक्दछन । बुवाआमाले दैनिक जीवनयापनमा भन्ने कुराहरु सुनेर, बच्चाहरु आफ्ना आमाबाबुलाइ विश्वास गर्दै नयाँ कुराहरुलाइ अंगाल्दै अधि बढ्ने पहल गर्न सक्दछन ।

## ③ गृहकार्य र घरमा गरिने पढाइको बारेमा

दुइ खालका जापानिज भाषा छन ।

<u>दैनिक जीवन मा चलाउने जापानिज भाषा</u>

यो चाहिँ शिक्षक तथा साथीहरुको कुराहरु सुन्ने तथा आफ्नो मनको कुराहरु गर्ने जापानिज भाषा हो ।

<u>स्कुलको पढाईमा चलाउने जापानिज भाषा</u>




यो चाँही, जापानिज, गणित, सामाजिक, विज्ञान आदि पाठ्यक्रम पढ्ने बेलाको जापानिज भाषा हो ।

प्रार्थमिक तथा निम्नमध्यमिक बिध्यालयमा पाठ्यपुस्तक पढेर, सोचेर, लेखेर सम्झने गर्नु पर्दछ ।

त्यसका लागि, गृहकार्यमा खान्जी (जापानिज लिपि) को अभ्यास गर्ने, पाठ्यपुस्तक पढ्ने गर्नु पर्दछ । दैनिक रुपमा अलिअलि गरेर घरमा पनि पढ्ने गरौँ ।

जापानिज भाषा पढ्न शुरु गरेबाट, शिक्षकले भनेको कुरा राम्रोसँग बुझ्न, सबैलाई डेढवर्ष～दुइवर्ष लाग्दछ । बच्चाहरुले पनि धेरै कोशिस गरेर पढिरहेका छन । बुवा-आमाले पनि आफ्ना बच्चाहरुलाइ हौसला दिइ प्रोत्साहन गर्नुहोला । त्यसैगरी, दैनिक जीवनयापनमा भैरहेका, विश्वका समाचार या शान्तिको महत्त्व तथा पृथ्वीको वातावरण आदि कुराहरु बच्चाहरुको लागि महत्वपूर्ण कुराहरु हुन यस्ता विषयमा बुवा-आमाको भाषामा कुरा गर्नुहोस ।

## ④ दैनिक रुपमा, बिध्यालयबाट जानकारी आउदछन

बिध्यालयमा हुने कार्यक्रम तथा योजना र त्यसकोलागि तयारीमा आवस्यक कुराहरु लेखिएका हुन्छन ।

नबुझेको बेलामा पढेर भनिदिने साथीहरु घरनजिकमा भइदिए कतिराम्रो हुने थियो होइन त ।

⑤ अघिल्लो दिनको राति, बच्चाहरु आफैले अर्को दिनको स्कुलको लागिको तयारी गर्ने गरौँ

बच्चाहरुले, बिध्यालयमा लैजानु पर्ने कुराहरु धेरै छन । स्कुल ब्यागमा,
अर्को दिन लाने किताब या अरु सामानहरु हालेर मात्र सुत्ने गरौँ ।
स्कुलमा आउने खाना नभएको समयमा, टिफिन बक्स (खाना ) लिएर जानु पर्दछ । अघिल्लो दिनको बेकुका नै थाहा भए कतिराम्रो हुने थियो होइन त ।



⑥ के तपाइको आफ्नो देश फर्कने योजना छ ?

बच्चाहरुले आफ्नोभाषा पढ्ने,लेख्ने कुरा गर्न सके, देश फर्के पछि तुरुन्त पढ्न सक्दछन ।